Barun Hydropower Company Ltd.
बरूण हाईड्रोपावर कम्पनी लि.

Regd. No. 26781/060/061
PAN No. 301617998

Kathmandu-29, Anamnagar
Tel.: 01-5705590
E-mail: barunhydro@gmail.com

मिति २०७९/०१/२६

च नं : 
प सं : 06C/65/079

१. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

२. श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएन आई, शान्ती मार्ग, भद्रकाली प्लाजा, काठमाण्डौं ।

**विषय : जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बरुण हाइड्रोपावर कं. लि. ले विद्युत नियमन आयोगमा १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निश्काशनका लागि स्विकृती माग गरी निवेदन पेश गरेकोमा आयोगबाट कम्पनीको चुक्तापुँजी रु.२६,७९,०७,५००/- को १:१ को अनुपातमा हकप्रद शेयर निश्काशन गर्न सहमति प्रदान गरिएको भन्ने पत्र यस कम्पनीमा मिति २०७९/०१/२६ गते अपरान्ह ४:००बजे प्राप्त भएकोले सो पत्रको फोटोकपि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

संलग्न कागजात
१. विद्युत नियमन आयोगको पत्रको फोटोकपि १

भवदीय
व्यवस्थापक

विद्युत नियमन आयोग
(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

मितिः ०७९।१।२३

प.स: ०७८।०७९
च.न: ४३४

~~श्री~~ वरुण हाइड्रोपावर कं लि,

काठमाण्डौं, नेपाल ।

विषयः हकप्रद सेयर निश्काशन सम्वन्धमा ।

वरुण हाइड्रोपावर कम्पनी लि. मिति ०७८।१२।१६ मा १:१ को अनुपातमा हकप्रद शेयर निश्काशनको पूर्व स्वीकृतिका लागि पेश गरेको निवेदन सम्वन्धमा आयोग वैठकमा छलफल हुँदा विद्युत सम्वन्धी कम्पनीको शेयरको सार्वजनिक निश्काशनको पूर्व स्वीकृति तथा नियमन सम्वन्धी निर्देशिका, २०७८ को दफा ७ वमोजिम हुने गरि वरुण हाइड्रोपावर कम्पनी लि. को कूल चुक्ता पुँजी २६७९०७५००।— वरावरको १:१ को अनुपातमा रु.२६७९०७५०० वरावरको २६७९०७५ कित्ता हकप्रद शेयर निश्काशन गर्न निम्न शर्तहरु सहित पूर्व स्वीकृति प्रदान गर्ने आयोगको मिति ०७९।१।१९ को १५६औं वैठकको निर्णयानुसार अनुरोध छ ।

<u>शर्तहरु:</u>

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका वमोजिम कार्यान्वयन गर्न र निर्दिश्ट विषय सम्पादन गर्न समय समयम आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर वुझाउनुपर्ने भएमा सम्वन्धित निकायमा सो कर वुझाउनुपर्नेछ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्वन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) शेयरको संरचना परिवर्तनका सम्वन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को पालना गर्नुपर्नेछ ।

ङ) कम्पनीले हकप्रद शेयर वापतको रकम तोकिएको कार्यमा मात्र लगाउनु पर्नेछ।

सुरेश श्रेष्ठ

इ.इन्जिनियर

विद्युत नियमन आयोग
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२